हामी स्वयम्सेवी अभीयान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ प्रमुख सचिव

प्रस्तावनाः प्रदेश नं. १ मा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई लागू औषध तथा विपद् व्यवस्थापनका बारेमा "हामी स्वयमसेवी" कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुमा शैक्षिक जनचेतना जगाई नैतिक, चरित्रवान, जिम्मेवार र असल नागरिकका रुपमा समाजमा स्थापित गर्न कार्यविधि बनाउन वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ (१) को अधिकार प्रयोग गरी प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयको अधिकार क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न हामी स्वयमसेवी अभीयान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "हामी स्वयमसेवी अभीयान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि"भन्नालेहामी स्वयमसेवी अभीयान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ लाई जनाउँछ।

(ख) "सामुदायिक तथा संस्थागत विद्यालय"भन्नाले प्रदेश नं. १ मा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयलाई जनाउँछ।

(ग) "किशोर किशोरी"भन्नाले प्रदेश नं. १ अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा पढ्ने कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुलाई जनाउँछ।

(घ) "कार्यक्रम कार्यान्वयन संयन्त्र"भन्नाले परिच्छेद ३ मा व्यवस्था भए बमोजिम निर्देशक तथा अनुगमन समिति सम्झनुपर्छ र सो शब्दले अन्य समिति समेतलाई जनाउँछ।

(ङ) "हामी स्वयमसेवी"भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुको समुहलाई जनाउँछ। अंग्रेजीमा सो शब्दले WE VOLUNTEERलाई जनाउँछ।

(च) "लागू औषध"भन्नाले लागू औषध ऐन, २०३३ को दफा २ ले गाँजा, औषधि उपयोगी गाँजा अफिम, तयारी अफिम, औषधि उपयोगी अफिम, कोकाको झार र पात अफिम र कोकाको सारतत्त्व, मिश्रण वा लवण समेत मिलाई तयार गरिने कुनै पदार्थलाई जनाउँछ।

सचिव

Scanned with CamScanner

(छ) "लागू औषध प्रयोगकर्ता" भन्नाले स्वीकृति प्राप्त चिकित्सकको सिफारिस अनुसारको र परिमाणभन्दा बढी वा विना सिफारिस लागू औषध सेवन गर्ने व्यक्तिलाई जनाउँछ।

(ज) "विपद्" भन्नाले प्राकृतिक वा मानव निर्मित घटनावाट सिर्जित जेखिमपुर्ण अवस्थालाई जनाउँछ ।

(झ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई जनाउँछ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई जनाउँछ र सो शब्दले दफा ६ को उपदफा (१) बमोजिमको प्रयोजनको लागि सामाजिक विकास मन्त्रालय समेतलाई जनाउँछ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेश नं. १ भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई जनाउँछ।

(ठ) "शिक्षक नायक" भन्नाले सम्बन्धित विद्यालयमा हामी स्वयम्सेवी समुहको Focal Person को रुपमा रहने शिक्षकलाई जनाउँछ ।

## परिच्छेद २

## कार्यविधिको उद्देश्य, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी व्यवस्था

३. कार्यविधिको उद्देश्यः प्रदेश नं. १ अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुलाई लागू पदार्थ दुर्व्यसनको कुलत तथा प्रयोग गर्नबाट निरुत्साहित गरी नैतिक, जिम्मेवार तथा असल नागरिकका रुपमा सामाजिक दायित्त्व निर्वाह गर्ने साथै विपद व्यवस्थापन सम्बन्धमा विविध कार्य गर्ने सम्वन्धि यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) विद्यालयमा आधारित सचेतना तथा जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) लागू औषध दुर्व्यसनको प्रयोगलाई न्यूनीकरण गर्न शैक्षिक चेतनामूलक सामग्री सहित पाठ्यक्रम निर्माण गर्न स्थानीय तह सँग समन्वय गर्ने ।

(ग) किशोर किशोरीहरुलाई वातावरण संरक्षण, विपद व्यवस्थापन तथा नैतिक दायित्त्व सहितका सामाजिक दायित्त्व निर्वाह गर्न सक्ने जिम्मेवार नागरिक बन्न उत्प्रेरणा जगाउने,

(घ) लागू औषध रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने अन्य सार्वजानीक निकायहरुसँग समन्वय गरी कार्य गर्ने,

(ङ) स्थानीय विद्यालयस्तरमा विज्ञहरुको सहयेगमा लागू औषध तथा विपद व्यवस्थापन सम्वन्धि व्यवहारीक तथा सचेतनामुलक तालीम संचालन गर्ने,

Scanned with CamScanner

प्रमुख सचिव

(च) लागू औषध विरुद्धको अभियानमा आम संचार माध्यमलाई परिचालन गर्ने तथा सूचना प्रवाहमा व्यापकता ल्याउने,

(छ) लागू औषधको नियन्त्रण, विपद् व्यवस्थापन कार्यमा सहकार्यका लागि स्थानीय समूह तथा समिति निर्माण गरी व्यापक सहभागिता प्रवर्द्धन गर्ने,

(ज) लागू पदार्थ दुर्व्यसन निराकरण, विपद् व्यवस्थापन तथा नैतिक शिक्षा सम्बन्धी तालिम सञ्चालन गर्न सक्ने जनशक्ति तयार गर्ने।

४. **कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्नेः** दफा ३ को खण्ड (क) देखि (ज) सम्मका उद्देश्यहरु पूर्ति गर्न उपयुक्त कार्यक्रम, तालिम तथा क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने।

## परिच्छेद ३

## लक्षित वर्ग, कार्यक्रम कार्यान्वयन संयन्त्र सम्बन्धी व्यवस्था

५. **लक्षित वर्ग सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरु, तालिम तथा क्रियाकलाप सम्पन्न गर्ने कार्यका लागि प्रदेश नं. १ अन्तर्गतका १४ जिल्लाहरुमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुका कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर तथा किशोरीहरु मुख्य लक्षित वर्ग हुनेछन्।

(२) उपदफा (१) बमोजिम कार्य सम्पन्न गर्न सम्बन्धित संघ, संस्था तथा व्यक्तिहरु समिति, विद्यालय, सरकारी निकाय सहयोगीका रुपमा रहनेछन्।

६. **निर्देशक तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गर्न देहायका सदस्यहरु रहेको एक निर्देशक तथा अनुगमन समिति रहनेछ।

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(ग) प्रदेश सचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ङ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित विषयका अन्य सरकारी निकायका प्रतिनिधि र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

Scanned with CamScanner

प्रमुख सचिव

७. निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः (१)निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनको लागि कार्ययोजनाहरु स्वीकृत गर्ने,

(ख) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा यसको प्रभावकारिता, गुणस्तरीयता कायम गर्ने सम्बन्धित संयन्त्रहरुलाई आवश्यक निर्देशन, सुझाव, सल्लाह दिने,

(ग) कार्यक्रमको अवधारणा, प्रकृया, गुणस्तरीयता, नीति निर्देशन अनुसार कार्यक्रम सञ्चालन हुन नसकेमा अथवा गठन भएका संयन्त्र समितिहरुले काम, कर्तव्य र अधिकारहरु प्रभावकारी ढंगबाट सम्पादन गर्न नसकेमा निर्देशक तथा अनुगमन समितिले उक्त संयन्त्र खारेज गरी पुनः अर्को संयन्त्र गठन गर्न सक्नेछ,

(घ) कार्यक्रमलाई प्रभावपूर्ण रुपमा सञ्चालन गर्न थप आवश्यक देखिएका कार्यहरु गर्ने,

(२) निर्देशक तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

८. कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिः (१) कार्यक्रम सम्पादन तथा कार्यान्वयनको लागि देहायको एक कार्यक्रम कार्यान्वयन तथा संयोजन समिति हुनेछ।

(क) प्रदेश सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) प्रहरी प्रमुख, १नं. प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) सशस्त्र प्रहरी प्रमुख, सशस्त्र प्रहरी बल नेपाल प्रदेश प्रमुख - सदस्य

(घ) राष्ट्रिय अनुसन्धान प्रमुख, प्रदेश नं. १ - सदस्य

(ङ) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा, स्वास्थ्य मन्त्रालय -सदस्य

(ज) निर्देशक, कार्यक्रम समन्वय इकाई -सदस्य

(झ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत स्तरका प्रतिनिधि -सदस्य

(ञ) कानून अधिकृत, कानून तर्जुमा महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ट) शाखा अधिकृत, प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य सचिव

प्रदेश सचिव

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिमको बैठकमा समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय लगायत विभिन्न क्षेत्रका सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ।

९. कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको काम, कर्तव्य र अधिकारः कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) निर्देशक तथा अनुगमन समितिले तय गरेका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने,

(ख) कार्यक्रमलाई प्रभावकारी बनाउन कार्ययोजना तयार गर्ने, मेनुअल बनाउने, तालिमहरु सञ्चालन गराउने,

(ग) संयन्त्रको क्षमता विकास गर्ने/गराउने,

(घ) कार्यक्रम वार्षिक बजेटको व्यवस्थापन तथा खर्चको व्यवस्थापन गर्न लेखाजोखा तथा अभिलेखीकरण गर्न सहयोग गर्ने।

१०. कार्यक्रम समन्वय एकाई गठन गर्ने : (१) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालयमा छुट्टै कार्यक्रम समन्वय एकाई गठन गरिनेछ ।

(२) कार्यक्रम समन्वय एकाईको एक कार्यक्रम निर्देशक नियुक्त गरिनेछ ।

(३) कार्यक्रम समन्वय इकाई अन्तर्गत सबै जिल्लामा एक-एक जना जिल्ला संयोजक रहनेछन् ।

(४) कार्यक्रम समन्वय इकाईको कार्यक्रम निर्देशक र जिल्ला संयोजकको काम, कर्तव्य, अधिकार र जिम्मेवारी कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिले तोके वमोजिम हुनेछ ।

(५) कार्यक्रमको सम्पूर्ण व्यवस्थापनको लागि मन्त्रालयले एक जना कम्तिमा अधिकृत स्तरको सम्पर्क व्यक्ति (Focal Person) तोक्नेछ ।

११. कार्यक्रम निर्देशक हुनको लागि न्यूनतम् योग्यता देहायको योग्यता भएको नेपाली नागरिक कार्यक्रम निर्देशकमा नियुक्ति हुनको लागि योग्य हुनेछ ।

क) मान्यताप्राप्त विश्वविद्धयालयबाट कुनै पनि विषयमा स्नातकोत्तर उपाधि प्राप्त,

ख) लागु औषध वा सामाजिक क्षेत्र वा विपद् व्यवस्थापन क्षेत्रमा कम्तिमा १० वर्ष कार्य गरी अनुभव प्राप्त गरेको ।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको र कुनै विदेशी मुलुकको आवासीय अनुमती प्राप्त नगरेको र

घ) ५८ वर्ष उमेर पुरा नभएको ।

सचिव

Scanned with CamScanner

प्रमुख सचिव

१२. जिल्ला संयोजक हुनको लागि न्यूनतम योग्यता : देहायको योग्यता भएको नेपाली नागरिक जिल्ला संयोजक नियुक्ति हुनको लागि योग्य हुनेछ :-

क) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक उपाधि प्राप्त,

ख) लागू औषध वा सामाजिक क्षेत्र वा विपद व्यवस्थापन क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य गरी अनुभव प्राप्त गरेको,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको र कुनै विदेशी मुलुकको आवासीय अनुमती प्राप्त नगरेको र

घ) ५८ वर्ष उमेर पुर नभएको ।

१३. कार्यक्रम निर्देशक तथा जिल्ला संयोजक छनौटको आधार :- (१) कार्यक्रम निर्देशक तथा जिल्ला संयोजक छनौट गर्दा देहायका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई योग्यताक्रमको आधारमा छनौट समितिले नियुक्तिका लागि निर्देशन तथा अनुगमन समितिमा सिफारिस गर्नेछ :-

(क) न्युनतम शैक्षिक योग्यता वापत ३० अङ्क,

(ख) तोकिएको कार्य गरेको अनुभव वापत २० अङ्क,

(ग) कार्यपत्र प्रस्तुति बापत २० अङ्क,

(घ) अन्तर्वार्ता वापत ३० अङ्क ।

(२) उपदफा (१) बमोजिमको अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :-

(क) कुनै पनि विषयमा उपाधि प्रथम श्रेणीमा उत्तीर्ण गरेको भए ३० अङ्क, द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भए २५ अङ्क र तृतीय श्रेणीमा उत्तीर्ण गरेको भए २० अङ्क,

(ख) काम गरेको अनुभव वापत प्रतिवर्ष २ अङ्कका दरले बढीमा २० अङ्क,

(ग) अन्तर्वार्ता वापतको अङ्क दिंदा उम्मेदवारको ज्ञान, क्षमता, व्यक्तित्व समेतको आधारमा बढीमा देहाय बमोजिमको अङ्क दिइनेछ :-

- विषयवस्तुको ज्ञान वापत : १० अङ्क
- विषयवस्तुको प्रस्तुति वापत : १५ अङ्क
- व्यक्तित्व वापत : ५ अङ्क

प्रदेश सचिव

Scanned with CamScanner

(३) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दाबढी वा चालीस प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ ।

(४) उम्मेदवारको छनौट गर्दा समावेशी सिद्धान्तका आधारमा महिला,दलित,आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग,अल्पसंख्यक,सीमान्तीकृत,पिछडीएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य समुदायका व्यक्तिलाई विशेष गाहयता दिइनेछ ।

१४. कार्यक्रम समन्वय इकाईको निर्देशक तथा जिल्ला संयोजक करारमा नियुक्तिका लागि सिफारीस गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

(क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख, प्रशासन तथा योजना शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

१५. सूचना प्रकाशन गर्ने :-

१) कार्यक्रम निर्देशक तथा जिल्ला संयोजक नियुक्तिको लागि जिल्लामा काम गर्न इच्छुकले दफा ११ र १२ बमोजिमको योग्यता भएका नेपाली नागरिकबाट कम्तीमा १५ दिनको अवधि दिई दरखास्त आव्हान गरी सार्वजनिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नेछ । त्यस्तो सूचना मन्त्रालयको वेवसाइटमा समेत अपलोड गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण खुलाउनुपर्नेछ :-

क) जिल्ला संयोजक नियुक्ति गरिने जिल्लाहरु र नियुक्ति गरिने संख्या,

ख) उम्मेद्वार हुन चाहिने न्यूनतम योग्यता

ग) दरखास्त बुझाउनुपर्ने स्थान, दरखास्तको ढाँचा

घ) विद्युत्तीय माध्यमबाट दरखास्त पेश गर्न चाहनेको लागि पेश गरिने ठेगाना र तरिका,

ङ) दरखास्त बुझाउनुपर्ने अन्तिम दिन

प्रमुख सचिव

प्रदेश सचिव

च) छनौटको प्रक्रिया र

छ) पारिश्रमिक र सुविधा ।

प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

१६. दरखास्त दिनुपर्ने :- (१) जिल्ला संयोजकको रुपमा काम गर्न चाहने व्यक्तिले दफा १५ बमोजिमको सूचनामा निर्धारित अवधिभित्र आफूले काम गर्न चाहेको जिल्ला उल्लेख गरी मन्त्रालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त मन्त्रालयले निर्धारण गरे बमोजिमको विद्युतीय प्रणाली वा ई-मेलबाट समेत पठाउन सकिनेछ'।

(३) उपदफा (१) वा (२) बमोजिम दरखास्त दिदाँ नेपाली नागरिकता, शैक्षिक योग्यता र कार्य अनुभवको प्रतिलिपि समेत संलग्न गर्नुपर्ने वा स्क्यान गरी अपलोड गर्नुपर्नेछ ।

१७. सूची प्रकाशन, कार्यपत्र प्रस्तुति र अन्तर्वार्ताको लागि सूचना दिने :

(१) मन्त्रालयले दफा १६ बमोजिम प्राप्त हुन आएका दरखास्त उपर जाँचबुझ गरी रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरुको जिल्लागत आधारमा छुट्टाछुट्टै सूची तयार गरी मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूची प्रकाशन गर्दा अन्तर्वार्ताको दिन, समय र माध्यम समेत उल्लेख गर्नुपर्नेछ ।

१८. कार्यपत्र प्रस्तुति र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको भौतिक रुपमा उपस्थिती भई अन्तर्वार्ता दिनुपर्नेछ ।

१९. सिफारिस तथा नियुक्ति :-

(१) यस कार्यविधि बमोजिमको न्यूनतम शैक्षिक योग्यता, कार्यअनुभव, कार्यपत्र प्रस्तुति र अन्तर्वार्ता सहितको मूल्याङ्कन गर्दा सम्बन्धित जिल्लाका लागि इच्छुक भएका उम्मेद्वारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सम्बन्धित जिल्लामा नियुक्तिका लागि छनौट समितिले निर्देशन तथा अनुगमन समिति समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट समितिले सिफारिस गर्दा वैकल्पिक उम्मेदवार समेत सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारलाई मन्त्रालयले करार गरी नियुक्ति दिइनेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस गरिएको उम्मेदवार पन्ध्र दिनभित्र नियुक्ति लिन नआएमा क्रमानुसार वैकल्पिक सूचिमा रहेका उम्मेदवारलाई नियुक्ति दिईनेछ ।

प्रदेश सचिव

Scanned with CamScanner

(५) उपदफा (३) बमोजिम गरिने करार नियुक्तिको अवधि बढीमा एक वर्षको हुनेछ र कार्यक्रमको निरन्तरता भएमा निजको कार्यसम्पादन र सेवाको आधारमा पुन : प्रत्येक वर्ष करार गरी दुई वर्षसम्म सेवा लिन सकिनेछ ।

(६) यस कार्यविधि बमोजिम नियुक्त भएका कार्यक्रम निर्देशक तथा जिल्ला संयोजकको कार्यसम्पादन वा सेवा सन्तोषजनक नभएमा निजलाई जुनसुकै बखत मन्त्रालयले करार भङ्ग गरी हटाउन सकिनेछ तर सो गर्नु पूर्व निजलाई सफाइको मौका दिइनेछ ।

(७) विज्ञापन गरिएको कुनै जिल्लाको लागि कुनै पनि उम्मेदवारको दरखास्त नपरेको कारण सिफारिस हुन नसकेमा सो जिल्लाको लागि अन्य जिल्लाको वैकल्पिक उम्मेदवार मध्येबाट सिफारिस गर्न सकिनेछ ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा यस कार्यविधिको मूल्याङ्कन बमोजिम सम्बन्धित जिल्लाका लागि छनौट भई बाँकी रहेका उपलब्ध उम्मेदवारबाट क्रमश: सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्नुपर्नेछ ।

२०. पारिश्रमिक तथा शर्त सुविधा :-

(१) यस कार्यविधि बमोजिम नियुक्ति हुने कार्यक्रम निर्देशकले अधिकृतस्तर नवौं तह वा सो सरहको शुरु तलव स्केल बराबरको पारिश्रमिक मात्र पाउने छ ।

(२) यस कार्यविधि बमोजिम नियुक्ति हुने जिल्ला संयोजकले सहायकस्तर पाँचौ वा सो सरहको शुरु तलव स्केल भन्दा बढी नहुने गरी पारिश्रमिक मात्र पाउने छ ।

(३) कार्यक्रम निर्देशक र जिल्ला संयोजकले प्रचलित निजामती कर्मचारी सम्बन्धि कानूनले तोकेको आचरण पालना गर्नु पर्नेछ ।

(४) समन्वय इकाईको निर्देशक तथा जिल्ला संयोजकले सार्वजनिक विदा बाहेक प्रत्येक महिनाको एक दिन भैपरी र एक दिन पर्व विदा, पन्ध्र दिन किरिया विदा, साठी दिन प्रसुति विदा पाउन सक्नेछन् र विदा स्वीकृत लगायतका अन्य व्यवस्था करार सम्झौतामा हुनेछ ।

(५) जिल्ला संयोजकको हाजिरी, हाजिरी प्रमाणीकरण लगायतका बिषय कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिले तोके बमोजिम करार सम्झौतामा हुनेछ।

२१. देहायको अवस्थामा समन्वय इकाईको निर्देशक तथा जिल्ला संयोजकको पद रिक्त हुनेछ:-

(क) दफा ११ र १२ बमोजिमको योग्यता नभएमा, वा

प्रमुख सचिव

Scanned with CamScanner

(ख) राजिनामा दिएमा निर्देशक तथा अनुगमन समितिको संयोजकबाट स्वीकृत भएमा, वा

(ग) मृत्यु भएमा, वा

(घ) करार सम्झौतामा उल्लिखित अवधि समाप्त भई थप अवधिका लागि सम्झौता नभएमा वा

(ङ) बार्षिक बजेटको सम्बन्धित शिर्षकमा रकम विनियोजन नभएमा ।

२२. जिल्लास्तरीय अनुगमन समितिः (१) कार्यक्रमको प्रभावकारिता तथा गुणस्तरीयताका लागि मन्त्रालयको समन्वयमा जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहने गरी एक अनुगमन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| (ख) | नेपाल प्रहरी जिल्ला प्रमुख | -सदस्य |
| (ग) | सशस्त्र प्रहरी जिल्लास्थित प्रमुख | -सदस्य |
| (घ) | राष्ट्रिय अनुसन्धान जिल्ला प्रमुख | -सदस्य |
| (ङ) | शिक्षा विकास तथा समन्वय इकाईकोप्रतिनिधि | -सदस्य |
| (च) | प्याब्सन/एन प्याब्सन/हिसान प्रतिनिधि१जना | -सदस्य |
| (छ) | जिल्ला स्काउट, स्काउट मास्टर | -सदस्य |
| (ज) | जिल्ला संयोजक | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले कार्यक्रमलाई जिल्ला तहमा प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशक तथा अनुगमन समितिको समन्वयमा कार्यक्रमको अनुगमन गरी निर्देशक तथा अनुगमन समिति तथा कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिमा आवश्यक पृष्ठपोषण गर्नुपर्नेछ।

(३) विद्यालयमा हामी स्वयंसेवी गठन गर्दा लागू औषध र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ ।

२३. स्थानीय तहस्तरीय समन्वय तथा सहजीकरण समितिः (१) स्थानीय तहमा कार्यक्रमलाई समन्वय तथा सहजीकरण गर्न स्थानीय तहका प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक समन्वय तथा सहजीकरण समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | पालिका प्रमुख | -अध्यक्ष |
| (ख) | उपप्रमुख | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | सम्बन्धित स्थानिय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख | - सदस्य |

Scanned with CamScanner

(ङ) लागू औषध तथा विपत व्यवस्थापनमाकाम गर्ने संस्थाबाट १ जना - सदस्य

(च) पत्रकार मध्येबाट १ जना -सदस्य

(छ) नेपाल स्काउट, स्काउट सदस्य -सदस्य

(ज) शिक्षा शाखा/महाशाखा १ जना -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आफ्नो क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यक्रम सञ्चालनगर्न आवश्यक सहयोग र समन्वय गर्नेछ।

(३) विद्यालयमा हामी स्वयंसेवी गठन गर्दा लागू औषध र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ ।

२४. **विद्यालय तहको कार्यक्रम कार्यान्वयन समितिः** (१)विद्यालयमा हामी स्वयसेवी समुह गठन गरी कार्यक्रम सञ्चालन गर्न/गराउन सम्बन्धित विद्यालयमा प्रधानाध्यापकको संयोजकत्वमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ।

(क) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -संयोजक

(ख) विद्यालय नजिक रहेको प्रहरी कार्यालयको प्रमुख -सदस्य

(ग) महिला शिक्षक (जेन्डर फोकल पर्सन) १ जना -सदस्य

(घ) विद्यालयमा गठित किशोर किशोरी क्लबबाट २ जना -सदस्य

(ङ) अभिभावकबाट १ जना -सदस्य

(च) स्वास्थ्य विषयका शिक्षक मध्येबाट १ जना -सदस्य

(छ) शिक्षक नायक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले विद्यालयमा हामी स्वयसेवी समुह गठन गरी कार्यक्रमहरु सञ्चालन गर्ने/गराउनेछ।

(३) विद्यालयमा हामी स्वयंसेवी गठन गर्दा लागू औषध र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ ।

२५. **हामी स्वयसेवी समुह गठनः** (१) विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुले आफूहरु मध्येबाट छनौट गरेका देहाय बमोजिमका सदस्य रहेको एक समुह गठन हुनेछ।

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष दुई जना (छात्र, छात्रा)

(ग) सचिव एक जना

(घ) कोषाध्यक्ष एक जना

प्रमुख सचिव

प्रदेश सचिव

Scanned with CamScanner

(ट) सदस्य दश जना (समावेशी रुपमा)

(२) हामी स्वयसेवी समुह ले विधार्थीहरुको रुचि र क्षमता अनुसार उपयुक्त ठानिएका विषयमा उपसमिति बनाई जिम्मेवारी तोक्न सक्नेछ।

(३) विधालयमा हामी स्वयंसेवी गठन गर्दा लागू औषध र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ ।

प्रमुख सचिव

२६. हामी स्वयसेवी समुहको काम, कर्तव्य र अधिकारः हामी स्वयसेवी समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) किशोर किशोरीहरुलाई शैक्षिक सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ख) समुहको आवश्यकता अनुसार नियमित बैठक बस्ने र साप्ताहिक,मासिक तथा वार्षिक कार्ययोजना तयार गर्ने,

(ग) समुहले सञ्चालन गरेका गतिविधिहरुको अभिलेख राखी सूचनापाटीमा टाँस गर्ने,

(घ) विधालय स्तरमा भएका किशोर किशोरीहरुको समस्या पहिचान गरी त्यसका समाधानका लागि सम्बन्धित निकायमा जानकारी गराउने र शैक्षिक अभियान कार्यक्रम सञ्चालन गर्न उत्प्रेरणा जगाउने,

(ङ) किशोर किशोरीमाथी हुने हिंसा, दुर्व्यवहार, शोषण, विभेद, बालविवाह जस्ता विसंगतिपूर्ण क्रियाकलापहरु रोक्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) विधालय व्यवस्थापन तथा स्थानीय सरोकारवाला संयन्त्रसँग क्लबको संस्थागत विकासका लागि समन्वय तथा सम्बन्ध विस्तार गर्ने,

(छ) किशोर किशोरीहरुको आफूभित्र रहेको प्रतिभा, खुवीलाई उजागर गर्न तथा लागूपदार्थ दुर्व्यसन, चेलीबेटी बेचबिखनको विरुद्धको अभियान, सामाजिक क्रियाकलाप, प्राकृतिक प्रकोप जस्ता सचेतनामूलक कार्यक्रमहरु गर्ने, चित्रकला प्रतियोगिता, वक्तृत्वकला, वादविवाद, हाजिरीजवाफ, निबन्ध, खेलकुद, कविता लेखन, गीत संगीत, नाटक, अन्तरक्रिया, वृत्तचित्र, सकारात्मक सन्देशमूलक ऱ्याली तथा जुलुस, फोटो प्रदर्शनी, भित्तेलेखन, पम्प्लेट, पर्चा, पोष्टर वितरणका कार्यहरु गर्ने,

(ज) विधालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेका सन्देशमूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक विषयहरुमा विधालय तहमा कार्यक्रम सञ्चालन गर्न मन्त्रालयहरुसँग अनुरोध गर्ने,

(ञ) सामाजिक क्रियाकलापहरुमा सहभागिता जनाउने।

परिच्छेद ४

प्रदेश सचिव

Scanned with CamScanner

विविध

२७. बजेट सम्बन्धी व्यवस्थाः मन्त्रालयको स्वीकृत वार्षिक नीति तथा कार्यक्रममा विनियोजन भएको रकमबाट यस कार्यविधिको उद्देश्य पूर्ति गर्न प्रचलित ऐन कानूनको अधीनमा रही रकम खर्च गर्नुपर्नेछ।

२८. कार्यक्रम कार्यान्वयन गर्न मार्ग दर्शन बनाउनेः यस कार्यविधिको उद्देश्य पूर्तिका लागि मन्त्रालयले आवश्यक मार्ग निर्देशन लगायतका सूचनामूलक सामग्री तयारी गर्न सक्नेछ।

२९. कार्यविधिमा संशोधनः यस कार्यविधिमा समय अनुकुल कुनै संशोधन गर्नु परेमा प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

३०. वाधा अड्काउ फुकाउनेः यो कार्यविधि कार्यान्वयन गर्दा कुने वाधा अड्काउ आइपरेमा मन्त्रालयले यो कार्यविधिको प्रतिकुल नहुने गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

३१. कार्यक्रमको अवधिः कार्यक्रमको अवधि बहुवर्षीय हुनेछ।

३२. खारेजी र बचाउः यस कार्यविधि बमोजिमको कार्य सम्पन्न गर्न आगामी वर्षदेखि बजेट विनियोजन नभएमा वा कार्यक्रमको प्रभावकारिता नदेखिएमा निर्देशक तथा अनुगमन समितिले कार्यक्रम खारेज गर्न सक्नेछ। यसरी कार्यक्रम खारेज भएमा यो कार्यविधि स्वतः निष्कृय भएको मानिनेछ।

प्रदेश सचिव

Scanned with CamScanner